नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## संयुक्त निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागमा विभिन्न मितिमा प्राप्त गुनासो व्यवस्थापनको लागि विभागबाट मिति २०८३/०४/१९ गते काठमान्डौ महानगरपालिका सहितको बजार अनुगमन टोलीद्वारा आकस्मिक (-यापिड रेस्पोनस् मोडालिटिमा) बजार अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | व्यवसाय/खाद्य पदार्थको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | निर्देशन / कारबाही |
|---|---|---|---|
| १. | थकाली गर्ल होस्टेल, का. म. न. पा. – २९, पुतलीसडक | • भान्सा साँघुरो तथा सरसफाइ सन्तोषजनक नरहेको<br>• उजुरीमा उल्लेख गरे बमोजिम खानामा किरा र मरेको सांङ्ला नभेटिएको तर भान्सामा सांङ्लाको प्रकोप रहेको<br>• भान्सामा Exhaust को व्यवस्था सन्तोषजनक नरहेको<br>• भान्सामा अनावश्यक सामग्री भण्डारण गरिएको<br>• भुइँ र भित्ताको रंग उक्किएको र च्याप-च्याप रहेको। | • खाद्य स्वच्छता कायम राख्न निर्देशन दिइएको<br>• सरसफाइ तथा कीट नियन्त्रण थप प्रभावकारी गर्न निर्देशन दिइएको<br>• हाललाई होस्टेलको संचालनमा रहेको भान्सा बन्द गरी का. म. न. पा. को निगरानीमा सुधार गर्न निर्देशन दिइएको<br>• थप अनुसन्धान का. म. न. पा. ले अगाडी बढाउने भएको। |
| २. | मरिगोल्ड गर्ल होस्टेल, का .म .न .पा. – २९, पुतलीसडक | • सरसफाइको अवस्था सन्तोषजनक रहेको<br>• उजुरीमा उल्लेख गरे बमोजिम खानामा किरा नभेटिएको र कीट नियन्त्रणको व्यवस्था सामान्य रहेको<br>• भान्सामा कीटको संक्रमण नदेखिएको<br>• व्यक्तिगत सरसफाइ सामान्य रहेको<br>• पकाइएका खाद्य पदार्थ फ्रिजमा भण्डारण गरेर राखिएको। | • खाद्य स्वच्छता कायम राख्न निर्देशन दिइएको<br>• कीट नियन्त्रण थप प्रभावकारी गर्न निर्देशन दिइएको<br>• खाद्य पदार्थ फ्रिजमा भण्डारण गर्दा उचित तापक्रममा भण्डारण गर्ने र उचित समय भित्र प्रयोग गर्ने निर्देशन दिइएको<br>• थप अनुसन्धान का. म. न. पा. ले अगाडी बढाउने भएको। |

| | | | |
|---|---|---|---|
| ३. | शिखर मःम सेन्टर, काठमाडौं — २२, न्यु रोड | • सरसफाइ सामान्य रहेको<br>• कीट नियन्त्रणको व्यवस्था सामान्य रहेको<br>• फोहोरदानी खुल्ला रहेको<br>• खाद्य पदार्थ तारिएको तेलको TPM value ३०.५% भई मापदण्ड प्रतिकूल पाइएको<br>• उपभोग्य मिति गुज्रेको तेह्र (१३) थान २५० मि. लि. को 7UP, Mirinda, Dew जस्ता हल्का पेय पदार्थ पाइएको। | • सरसफाइ थप प्रवाभकारी गर्न निर्देशन दिइएको<br>• उपभोग्य मिति गुज्रेका हल्का पेय पदार्थ र TPM value ३०.५% भएको तेल नष्ट गरिएको<br>• कृत्रिम खाद्य रंगको व्यवस्थित तरिकाले प्रयोग गर्न निर्देशन दिइएको<br>• कीट नियन्त्रण थप प्रभावकारी गर्न निर्देशन दिइएको<br>• थप अनुसन्धान का. म. न. पा. ले अगाडी बढाउने भएको। |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्याः तीन (३) वटा** | | | |

Bsharma

डा. बाल कुमारी शर्मा

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८३/०४/२०

**<u>अनुगमनका केहि झलकहरुः</u>**






testo 270
30.5 %
TPM
Auto Hold
Alarm 106.4 °C
HOLD



